केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि. / नीति / परिपत्र / कखग / २० / ०७० / ७१ मिति: २०७० / १० / २४

**"क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु / गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

(१) यस बैंकबाट "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको लागि जारी एकीकृत निर्देशन २०७० को इ.प्रा. निर्देशन नं. १४ को बुँदा नं. ८ सीमित बैंकिंग इकाई (Limited Banking Outlets) सम्बन्धी व्यवस्थाको पहिलो अनुच्छेदमा रहेको विद्यमान व्यवस्थालाई देहाय बमोजिम संशोधन गरिएको छ ।

"८. सीमित बैंकिङ्ग इकाई (Limited Banking Outlets) सम्बन्धी व्यवस्था

*इजाजतपत्रप्राप्त "क" वर्गका बैंक र **"ख" वर्गका विकास बैंकहरुले** सीमित बैंकिङ्ग इकाई (Limited Banking Outlets) को रुपमा कार्यालय (नियमित रुपमा कर्मचारी खटाई वा तोकिएको दिनमा कर्मचारी खटाई सेवा प्रदान गर्ने) स्थापना गरी देहायको नीतिगत व्यवस्था तथा शर्तहरुको अधिनमा रही बैंकिङ्ग सेवाको पँहुच नपुगेका (काठमाण्डौं उपत्यका, देशका अन्य उप-महानगरपालिका / नगरपालिका बाहेकका) क्षेत्रहरुमा सीमित बैंकिङ्ग इकाई मार्फत बैंकिंग सेवा प्रदान गर्न सक्ने छन् । "*

(२) साथै, सोही एकीकृत निर्देशन २०७० को इ.प्रा. निर्देशन नं. २२ को बुँदा नं. १५ को स्वदेशी रकमान्तर कारोवार सम्बन्धमा *"ख"* वर्गका विकास बैंकहरुले समेत स्वयंले जोखिम बहन गर्ने गरी रकमान्तर कारोवार गर्न चाहेमा यस बैंकको स्वीकृति लिई गर्न सकिने व्यवस्था गर्नका लागि उक्त बुँदा पछि देहाय बमोजिम थप व्यवस्था गरिएको छ।

*"तर "ख" वर्गका विकास बैंकहरुले सम्पूर्ण जोखिम आफै बहन गर्ने गरी आफना शाखा / कार्यालय मार्फत आफना ग्राहकलाई स्वदेशी रकमान्तर कारोवार सम्बन्धी सेवा प्रदान गर्न सक्नेछन ।"*

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौं ।